नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
बागमती अञ्चल, काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९, लैनचौर
फोन नं. ४४३५५१६, ४४३५६१३

# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको आ.व. २०७५/७६ को चौथो त्रयमाश (आषाढ मसान्त २०७६) को विवरण

**क. निकायको स्वरुप र प्रकृति:**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोवार संचालन गर्न "क" वर्गको ईजाजत प्राप्त बैंक ।

**ख. निकायको काम, कर्तव्य र अधिकार:**

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा बैंकको प्रबन्धपत्रमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

कार्यरत कर्मचारी संख्या १०२९ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेवसाईट www.nepalsbi.com.np बाट जानकारी लिन सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम "क" वर्गको ईजाजतपत्र प्राप्त बैंकले दिन सक्ने सम्पूर्ण सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट बाट जानकारी लिन सकिन्छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**च. सेवा प्रदान गर्ने लाग्ने दस्तुर र अवधि:**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सँग सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय बस्तुहरु यस बैंकको वेवसाईटमा प्रकाशित गरिएको छ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

बैंकिङ्ग कारोवारका सम्बन्धमा शाखा प्रबन्धक, क्षेत्रीय प्रबन्धक, प्रादेशिक कार्यालय प्रमुख, विभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । बैंकको दैनिक कार्य संचालनसंग सम्बन्धित विषयमा प्रबन्ध संचालक (प्रमुख कार्यकारी अधिकृत) तथा बैंकको समष्टिगत कार्यसंचालनसंग सम्बन्धित विषयमा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज. निर्णयउपर उजुरी सुन्ने अधिकारी:**

बैंकको काम कारोवार तथा बैंकले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुले कुनै किसिमको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रिय स्तरमा बैंकको वरिष्ठ प्रबन्धक पदमा कार्यरत श्री सोमा राय गुप्तालाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार रहेको छ ।

श्री सोमा राय गुप्ता

पद: वरिष्ठ प्रबन्धक

नेपाल एसबिआई बैंक लिमिटेड

प्रधान कार्यालय, काठमाण्डौ,

फोन नं: +९७७ ०१ २२३९५८९/४४३५७२९/४४३५६१३

फ्याक्स: +९७७ ०१ ४४३५६१२

ईमेल: operation@nsbl.com.np

**झ. सम्पादन गरेको कामको विवरण:**

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम "क" वर्गको ईजाजत प्राप्त बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**ञ. सूचना अधिकारीको नाम र पद :**

बैंकको काम कारोवारका सम्बन्धमा आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

सूचना अधिकारी: श्री देवराज अधिकारी

पद: सहायक महाप्रबन्धक

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बैंकले व्यवसाय संचालनका क्रममा पालना गर्नुपर्ने देहाय बमोजिमका ऐन, नियम, बिनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३)

२. नेपाल राष्ट्र बैंक ऐन, २०५८

३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

४. कम्पनी ऐन, २०६३

५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग)ऐन, २०६४

७. धितोपत्र सम्बन्धि ऐन, २०६३

८. सुरक्षित कारोवार ऐन, २०६३

९. मुलुकी देवानी संहिता, २०७४ को करार सम्बन्धी व्यवस्था

१०. विनिमय अधिकारपत्र ऐन, २०३४

११. विदेशि विनिमय (नियमित गर्ने) ऐन, २०१९

१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु

१३. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु

१४. नेपाल राष्ट्र बैंकबाट समय समयमा स्वीकृत भई लागु भएका कर्मचारी सेवा, आर्थिक प्रशासन, कर्जा अपलेखन सम्बन्धि बैंकका विनियमहरु

१५. बैंकिङ्ग कारोवारका क्रममा पालन गरिनुपर्ने अन्य प्रचलित नेपाल कानूनहरु

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारेवार सम्बन्धि अद्यावधिक विवरण:**

बैंकले आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि त्रैमाशिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गर्दै आएको छ । साथै सो सम्बन्धि विवरण बैंकको वेवसाईटबाट समेत प्राप्त गर्न सकिनेछ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना देहाय बमोजिम रहेको छ ।

**श्री अनुकूल भटनागर**

प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत

नेपाल एसबिआई बैंक लि.

केशरमहल, लैनचौर काठमाडौं

फोन नं. ०१-४४३५५१२

**ढ. सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण:**

१. यस बैंकले बैकिङ्ग कारोवार सम्बन्धि कार्य गर्दै आएको छ, त्यसदेखि बाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना गरेको छैन ।

**२. सार्वजनिक निकायको वेवसाईटभए सो को विवरण:**

www.nepalsbi.com.np

३. बैंकले वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा बैंकको वेवसाईटमा समेत प्रकाशन गर्दै आएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमाशिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.